# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, कात्तिक १४ गते २०३८ साल (अतिरिक्ताङ्क ४३


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको
### सूचना

श्री ५ महाराजाधिराजबाट त्रिभुवन विश्वविद्यालयको कुलपतिको हैसियतले त्रिभुवन विश्वविद्यालयका उप-कुलपति डा. महेन्द्रप्रसादको पदावधि यही २०३८ साल कार्तिक १६ गतेदेखि समाप्त हुने भएकोले सो पदमा नियुक्तिको लागि नामावली सिफारिश गरी पठाउन २०३८ साल कार्तिक ९ गते गठन गरिबक्सेको ३ जनाको समितिले चढाएको सिफारिशको आधारमा श्री रामचन्द्रबहादुर सिंहलाई त्रिभुवन विश्वविद्यालय ऐन, २०२८ को दफा १२(३) बमोजिम उप-कुलपति पदमा नियुक्त गरिबक्सेको छ ।

साथै, मौसूफबाट पदावधि पूरा गर्नुभएका डा. महेन्द्रप्रसादलाई आफ्नो कार्यकालमा गर्नुभएको सेवाको लागि धन्यवाद बक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।